# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०१/०३

तेस्रो अधिवेसन

(२४औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

तेस्रो अधिवेशनको २४औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्न र नव बर्ष २०७६ सालको शुभकामना प्रदान गर्ने प्रयोजनका लागि विशेष समय माग भै आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय तारा लामा तामाङ

**माननीय तारा लामातामाङ,**

माननीय सभामुखज्यू, आज २०७६ सालमा हाम्रो सदनको पहिलो दिन अर्थात २०७६ सालको आज पहिलो दिन भएको कारणले म २०७६ सालको उपलक्ष्यमा सबै सुदूरपश्चिम बासीलाइ र सभामुख मार्फत सभाका सबै सदस्यज्यूहरु सरकार र सबै सरोकारवालाहरुलाइ २०७६ सालको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । २०७५ सालमा हामीले जननिर्वाचित भएपछि गरेका राम्रा कामहरुले निरन्तरता पाओस र केही कमी कमजोरी भाको छ भने तेलाइ शिक्षाको रुपमा लिएर हामीले अगाडी बढ्ने प्रढ पनि गर्नुपर्ने दिन अर्थात हामीले अगाडी बढ्नुपर्ने दिन भएकोले हामी त्यसतर्फ उन्मुख हुनुपर्छ भन्ने हिसाबले म नेपाल कम्प्युनिष्ट पार्टी नेकपा संसदीय दलको तर्फबाट पनि शुभकामना व्यक्त गर्न चाहान्छु र हामी निर्वाचित भएको पछि २०७५ सालमा प्रदेश सरकारले प्रदेशको लागि विद्यमान कानुन र संविधानको अधिनमा रही आफै कानून बनाउदै अगाडी बढिरहदा यस प्रदेशका जनताहरुले धेरै आश गरेका थिए । ति आशा गर्ने गराउनेमा पनि हामी जनप्रतिनिधिहरुको भूमिका रह्यो र जननिर्वाचित भइसकेपछि सबै काम हुन्छ भन्ने जनतामा हामीले सन्देश सम्प्रेषण गरेको हुनाले निर्वाचित हुनासाथ केही काम छिटै हुनुपर्छ भने जनताले अपेक्षा गरे बमोजिम काम नभएको हुन सक्छ र त्यसरी हुन पनि सकिदैन । तरपनि सरकारले यस प्रदेश सभाले यस प्रदेशको जनतालाइ कुनै पनि मामिलामा शिर झुकिने गरी काम गरेको छैन र सरकारमा प्रदेश सभाले अन्यत्र प्रदेशको भन्दा हेरिदा यहाको काम गर्ने तौरतरिका विभिन्न ऐनहरु विधेयकहरु पारित गरेको सबै हेर्दा सन्तोषजनक नै देखिन्छ । तर पनि प्रदेशको जनताको इच्छा बमोजिम चाहाना बमोजिम धेरै काम हुन नसक्या होला । सरकारको काम पनि सरकारले पनि यो अवधिमा धेरै राम्रा कामहरु गर्न खोजिएको छ र यो कामहरुलाइ सव नजिकबाट विभिन्न संचार

माध्यमले हाम्रो प्रदेशको सरकार हाम्रो प्रदेश नियम कानुन भन्दा तल माथि होला भनेर सँधै झक्झक्याउने संचार जगतलाइ आम नागरिकलाइ पनि हामी नयाँ वर्षको उपलक्ष्यमा शुभकामना दिन चाहान्छु । र जसरी विगतको वर्षहरुमा हामीलाइ आम नागरिक आम संचार जगतले आम बुद्धिजिवीले जसरी सहयोग गर्नुभाको छ त्यसरी यो वर्ष पनि सकारात्मक सहयोगको हामीले अपेक्षा गरेका छौं र त्यो काममा उन्मुख गराउन र कही कतै कमजोरी हुन्छ कि भनेर सँधै सजक गराउन पनि हामी अपिल गराउन चाहान्छौं र यो वर्ष विगतको वर्षमा झै सबै मिलेर जसरी सत्ता पक्ष प्रति पक्ष नभनिकन एकरुपताका साथ यो प्रदेशलाइ बनाउन यो प्रदेशको जनताको लागि विभिन्न विधेयहरु ल्याउन र प्रदेश सभा र सरकार संचालनको लागि ल्याएको विधेयकहरुमा हामी जसरी एकमतका साथ अगाढी बढेका छौं त्यसरी नै यो वर्ष अझ सफल हुनेछ र यो वर्ष अझ हामीले राम्रो काम गर्न सकुँ र २०७५ सालमा नै हामीले हामी कमसेकम अन्य प्रदेशको तुलनामा तेश्रो भएपनि हामीले हाम्रो प्रदेशको नामाकरण गर्न हामी सफल भएका छौं । हामीले राजधानी तोक्ने सन्दर्भमा सफल भएका छौं र अब यो २०७६ सालमा यो प्रदेश सभाको मर्म बमोजिम प्रदेश भित्र रहेको आम जनसमुदाय आम संचारकर्मी आम बुद्धीजुवीको चाहाना बमोजिम प्रदेशले आकलन गरेको प्रदेश सभाले आकलन गरेको सभामुखज्यूले आफ्नो अवधारणा पत्रपनि ल्याउनु भाको छ त्यसैको सेरोफेरोमा रहेर हाम्रो प्रदेशको राजधानी बनाउने सन्दर्भमा यो २०७६ सालमा हामीले केही न केही रुपरेखा तयार गर्ने देखीलिएर केही न केही भौतिक संरचना निर्माण गर्न सक्ने गरी यो २०७६ सालमा हामीले कार्ययोजना बनाएर अगाडि बढ्नु पर्ने छ । यसमा हामीलाइ सबैको सहयोग हामीले प्राप्त गर्ने नै छौं र हामीले ऐन कानुनहरु बनाउदा हामीले बनाएको केही कानुनहरु केही विधेयकहरुमा केही कमी कमजोरी छ भनेपनि यो २०७६ सालमा हामी यलाइ अझ परिमार्जित गर्दै अगाडी बढौंला र गर्ने कामहरु अझ व्यापक रुपले अगाडी बढ्न हामी सफल हुनेछौं र जसरि २०७५ सालमा हाम्रो प्रदेश सरकारले जननिर्वाचित सबै सांसदहरुलाइ सहभागी गराउन खोजिएर प्रदेशको बजेट प्रदेशको कार्यक्रमहरु ल्याउन खोजिएको थियो । यो वर्ष अझ व्यापक रुपले छलफल गरेर यो सरकार हाम्रो सरकार हो भन्ने अनुभूति दिन सक्ने गरी कार्यक्रमहरु ल्याउन सकून र सबै जननिर्वचित सांसदहरुले आफु निर्वाचित गराउने जनताको पक्षमा काम गरिरहेको छु भन्ने अनुभूति हुने गरी काम गर्न गराउन र सबै सांसदहरुलाइ सहकार्यमा ल्याउन हाम्रो सरकार सफल हुने विश्वास गर्दै पून म यो २०७६ सालको उपलक्ष्यमा शुभकामना दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय देवराज पाठक,**

माननीय सभामुख महोदय, सर्वप्रथम त म प्रदेशबासी सँगै प्रदेश सरकारलाइ २०७६ को शुभ समृदी शुभशान्ति मंगलमय होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु । राष्ट्रियता प्रजातन्त्र समाजवाद प्रजातन्त्रको र नेपाली कांग्रेसको यो हाम्रो चाहाना हो । हामीले यो सरकारलाइ सहयोग गर्दै आएका छौं । खासै गरेर हामीले प्रतिपक्षको विरोधको लागि विरोध गर्ने रणनीति हामीले लिएका छैनौं । यो सरकारलाइ हामीले सहयोग गर्दा गर्दै यो सरकारले हामीसँग सौतेलो व्यवहार गरेको छ । यसै उसले हामी यो सरकारलाइ यो नववर्षको उपलक्ष्यमा यो सरकारलाइ सदबुद्धि आओस र विपि कोइरालाले २०१५ देखी १७ को पिरियडमा आफ्नै पार्टीको २/३ बहुमत हुँदा पनि प्रतिपक्षको कुरामा बढी सुन्नु हुन्थ्यो गरिब जनताको कुरा वाहा बढी सुन्नु हुन्थ्यो । तर यहाँ त प्रतिपक्षलाइ वाइपास भएको छ । र प्रतिपक्ष जबसम्म सत्तापक्ष प्रतिपक्ष सबै यो प्रदेश एकजुट हुँदैन त्यहाँ कसैले पनि केही गर्न सक्दैन चाहे कसैको सरकार होस । सत्तामा राम आउछ श्याम आउछ केही ठुलो कुरा होइन । यहाँहरुले राष्ट्रियता र सर्वाहाराको नामले चुनाव जित्नुभो । राष्ट्रियताको नाममा हाम्रा सिमा मिचिएका छन् । हामी

पुनर्वासको बिचपट्टा भन्ने ठाउमा १९४ पिलर भारतीयहरुले खोलापारी थियो तर खोला वारी फालिदिएका छन् । र यो सरकार त्यसमा किन मौन छ । सर्वाहाराको नामले यहाँहरुले चुनाव जित्नु भो । त्यो सर्वाहारा वर्गलाइ के भो । म सभामुख मार्फत यो सदनलाइ यो सरकारलाइ आग्रह गर्न चाहान्छु र सर्वाहाराको नाममा राष्ट्रपतिका भवन बुलेटप्रुफ १८ करोडका गाडी डेड अरबका हेलिकप्टर भन्ने काम भएको छ । अन्य मन्त्रीहरुका चिल्ला गाडी त्यसमा अर्बौं रुपैया खर्च भएको छ र विदेश भ्रमण अर्बौं रुपैया खर्च भएको छ । त्यो सर्वाहारा वर्गको लागि अन्य आधारभूत अवस्था पनि पुरा गरेकै छैन । र जनतालाइ गास बासको समस्या समस्या भइ राखेको छ । मैले पहिलो प्रथम अधिवेशनको पहिलोमा चुरे पहाडको सम्बन्धमा बोलेको थिएँ । किसानलाइ मलखाद डिजल इत्यादी र यो बाढी नियन्त्रणको विषयमा बोल्याथे । खै सुन्याछैन यो सरकारले र आधी भेरी हुरी र सबैको समस्या साथिहरुले राख्नु भो । सबै जनताका समस्या अझसम्म यो सरकारले सुन्दैन । यो सरकार कुरा सुन्दैन । पशुपतिराज बोल्दैन । सभामुख महोदय म कहिले काँही बोल्छु अलि २/४ मिनेटको अनुरवध गर्छु र यो केही सुनेको छैन । जबसम्म प्रतिपक्षको कुरा सुनिदैन त्यो सरकार हाम्रो सरकार हुँदा प्रतिपक्षलाइ मित्र सोच्थ्यौ तर यो सरकार हुँदा प्रतिपक्षलाइ दुस्मन हो क्याहो विरोधी सोच्नुभाछ किन हो । राष्ट्र त सबैले भएर भन्ने हो । यहाँ त कस्तो छ बाघमारा कोही न कोही जिम्मा मेरो भो । ७ साल देखी अहिलेसम्मका जे पनि सरकार यो देशमा आपत आइपर्यो । नेपाली कांग्रेस कै अगुवाइमा ७ सालदेखी ७२ सालसम्मका संविधानसम्म भएको छ । यहाँ त के हुन लाग्यो भने जुन गोरुको सिङै छैन उसको नाम तिखे । यसतो अवस्था हामीले त प्रतिपक्षले के महसुस गरेका छौं । यहाँ लोकतन्त्र प्रजातन्त्र भनिएको छ हामीलाइ यो सदनमा यो महसुस भएको छ कि यहाँ एक दलिय साम्यबादको गु आएको जस्तो महसुस मैले गरेको छु । यसैले यो संसदमा केही सांसद साथिहरुले २/३ को दम्भ देखाएको छ । विपि कोइरालाको सरकार आफ्नै कुँदा त कुनै दम्भ थिएन प्रतिपक्षलाइ र यो संसदमा असोभनीय शब्दहरु पनि प्रयोग भएका छन् । हामीले त केही भन्नै पाइदैन भन्नेकुराहरु पनि यो सदनमा अवगत भएका छन् । म त्यसता यो सम्मानित सदनमा म त्यसता विचार व्यक्त गर्न चाहादैन र सांसद यो नववर्ष २०७६ को उपलक्ष्यमा यो सुधार आओस भन्ने शुभकामना व्यक्त गर्दै र भिमदत्त नगरपालिकामा यो नगर विकास समितले अर्बौंको घोटाला गरेको यसमा सभामुख मार्फत यो प्रदेश सरकारको के सोचाइ छ किन त्यसको लागि कारबाही हुँदैन किन आयोग गठन हुँदैन । त्यसैले अब सभामुखज्यूको आदेश पनि आइसक्यो म यति भन्दै यहाँहरुलाइ पून फेरी २०७६ को शुभकामना व्यक्त गर्दै आफ्ना शब्द यही टुंग्याउछु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सम्पूर्ण देशबासी सुदूरपश्चिम प्रदेशबासी र देशविदेशमा रहनुभएका सम्पूर्णा दाजुभाइ दिदिबहिनिहरुलाइ नयाँ वर्ष २०७६ को शान्ति सबृद्धी र उत्तरउत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । हामी सुदूरपश्चिम प्रदेशमा हामी हिउदे अधिवेशनको अन्तिम समयतिर हामी छौं र हाम्रो यो प्रदेशले प्रदेश सरकारले धेरै कुरा गर्नुपर्ने थियो धेरै काम गर्नुपर्ने थियो । अहिलेसम्म जनताले चाहेको काम गर्न सकेको छैन तर पछिल्लो समयमा केही उपलब्धीहरु केही प्रगतिहरु हामी देखिराखेका छौं । यो सकारात्मक पक्ष हो । म सरकारलाइ हाम्रो यो सुदूरपश्चिम प्रदेश सरकारलाइ अझै बाँकी हामीसँग डेड दुइ महिना ढाइ महिनाजति बाँकी छ यो महिना भित्र हामीले हाम्रो योजनाहरु सम्पन्न गर्न सक्यौं भने मलाइ लाग्छ केही हदसम्म हाम्रो प्रदेशबासी जनताहरुले राहत महसुस गर्नेछन् । अस्ती असिना पानी हुरी बतासको कारणले कैलाली जिल्ला क्षेत्र नं. १ टिकापुर क्षेत्रमा केरा खेतीको किसानहरुलाइ ठुलो क्षति व्यहोर्नु पर्यो । सैयौं विगाहामा केरा खेती छ

त्यहाँ धेरै नोक्सान भएको छ । त्यसकारणले हाम्रो प्रदेश सरकारको केरा खेती गर्ने किसानको क्षति भएको छ तेतातिर पनि सरकारको ध्यान जाओस भन्ने राहातका कुराहरु चाँडो भन्दा चाँडो सम्बन्धित किसान समक्ष पुगोस । हामी यो संघीयतामा प्रवेश गरेयता हामी नयाँ अभ्यासमा छौं । यो गएको २०७४/०७५ या २०७५/७६ मा पनि कति हामी तिता कुराहरु पनि देख्यौं कति उकाली ओराली बाटोहरु पनि देख्यौं । अब हाम्रो सामु धेरै चुनौतीहरु पनि छन् । हामी यो प्रदेशलाइ हामी सबै मिलेर बनाउने हो । साँच्चिकै यो गएको वर्षमा हामीले जहाँ जहाँ गल्ती गयौं कमजोरी भयो यो कुरालाइ हामीले पाठ सिक्दै सच्याउदै आउने वर्षहरुमा कुनै दिनहरुमा हामी यदी सच्याउन सक्यौं भने आफ्नो कमी कमजोरीहरुलाइ सुधार्न सक्यौं भने हामी प्रतिपक्ष र सत्तापक्षका सबै हामी यो प्रदेशका हामीले हाम्रो काधमा छ जिम्मेवारी हामीले नै बढाउने हो भन्ने उद्देश्यका साथ यदि हामी सहकार्य गर्दै अगाढी बढ्न सक्यौं भने मलाइ लाग्छ हाम्रो सुदूरपश्चिम प्रदेशको भविष्य सुनौलो छ । त्यसकारण म धेरै आलोचना गर्नुभन्दा पनि हामी मिलेर यो प्रदेशलाइ बनाऔ हामी सहकार्य गर्छौं । सँगै छौं त्यस कारण आउने दिनमा अब हामी कुनै पनि प्रतिपक्ष छैन भन्ने आभास हामी दिन सक्यौं भने मलाइ लाग्छ यो सुदूरपश्चिम प्रदेशले राम्रो फड्को मार्न सक्छ । हामी पटक पटक यहाँ प्रतिपक्ष मात्र होइन सत्ता पक्षका माननीय सांसदज्यूहरुले अलिकति हामी तातौं है भन्ने कुरा हामी सबैलाइ थाहा भएको कुरा हो । त्यस कारणले फेरी पनि म सरकारलाइ अलिकति हामीसँग भएका थोरै समयलाइ यदी हामी सदुपयोग गर्न सक्यौं काम गर्न सक्यौं भने मलाइ लाग्छ सुदूरपश्चिम प्रदेशको लागी राम्रो हुनेछ । अन्तमा फेरी पनि सम्पूर्ण देशबासीहरुलाइ नयाँ वर्ष २०७६ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै आफ्नो भनाइ यही टुङ्ग्याउछु धन्यवाद ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय, नव वर्ष २०७५ सालको पावन अवसरमा सम्पूर्ण सुदूरपश्चिम बासी प्रदेश सभा परिवार प्रदेश सरकार तथा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुलाइ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । नववर्ष २०७५ हामी बाट विदा भएको छ । हाम्रा व्यक्तिगत जिवनमा हाम्रा पारिवारिक जिवनमा हाम्रो राजनीतिक जिवन र हाम्रो सामुहिक जिवनमा यसले कतिपय सुखद अनुभूतिहरु छोडेर गएको छ । कतिपय अनुभूतिहरु दुखद छन् । सुखद अनुभूतिहरुको निरन्तर नयाँ योजनाका अगाडी बढ्न यसले हामीलाइ सिकाएको छ भने दुखद अनुभूति र हामीले गर्न नसकेका कामहरुलाइ समिक्षा गरेर आगामी दिनको योजना बनाउनको लागि यसले सुझाएको छ । त्यस कारण म प्रदेश सरकारको हक होस प्रदेश सभामा भएको त्रुटीहरु हुन् । हाम्रा व्यक्तिगत जिवनमा भएका त्रुटिहरु हुन्छ अथवा हामीले जुन ठाउमा हामी सहभागी हुन्छौं हाम्रो तर्फबाट भएका त्रुटीहरुलाइ सबै भन्दा पहिला आफुतिर फर्केर हेर्नको लागि एक पटक सबैमा अनुरोध गर्न चाहान्छु । हाम्रो परम्परा पनि छ नयाँ वर्षमा हाम्रा अग्रजहरुले हाम्रा पूर्खाहरुले पनि तिर्थमा गएर केही नकारात्मक अथवा जिवनमा काम नलाग्ने कुराहरु त्याग्ने कुरा थियो । हामीले त्यो त्याग्ने परम्परा हाम्रा व्यवहारिक जिवनमा लागु गर्नु पर्छ । त्यस कारणले मैले यो अनुरोध गर्न चाहान्छु । गत वर्ष हाम्रो सिकाइको वर्ष हो । सरकारमा रहदा प्रदेश सभामा रहदाखेरी हामी खाली हात खाली अनुभव अथवा राजनीतिक अनुभव भएको तर सरकार संचालन अनुभव नभएको सभाको संचालनको अनुभव नभएको सांसदको अभ्यास नभएको अवस्थामा हामी यहाँ प्रवेश गरेका थियौं । १ वर्ष त्यो वेतित भएको छ । त्यसबाट कैयौं कुराहरु हामीले सिकेका छौं र यो प्रदेशलाइ संचालन गर्ने आफ्नै कानूनहरु निर्माण गरेका छौं । यो प्रदेशमा विकास गर्नुपर्ने कुराहरुको योजना आफैले बनाएका छौं । यसका Priority हरु हामीले आफैले निर्धारण गरेका छौं । त्यस कारणले गर्दा खेरी गएको वर्ष सबै नराम्रो भयो

भन्ने कुराहरु पनि होइन । गएको वर्ष धेरै उल्लेख्य रह्यो भन्ने कुराहरु पनि होइन । गएका वर्षका राम्रा अभ्यासहरुलाइ आगामी वर्षमा आर्थिक वर्षमा नयाँ वर्षमा निरन्तरता दिने र हाम्रा कमजोरीहरुलाइ सामुहिक रुपमा आत्मसमिक्षा गरेर नयाँ दिशामा जानका लागि २०७६ ले प्रेरणा दिओस भन्ने कुराहरु राख्न चाहान्छु । हामीले धेरैले सुन्ने संस्कृति Listening Culture भन्छन् त्यो कमजोर भएको मैले आफुले महसुस गरेको छु । म सेवाग्राहीका रुपमा कुनै ठाउमा उपस्थित भयो भने सेवा प्रदायकले सुन्दैन । हामीले एउटा Voiceless हरुको अथवा आवाजविहिनहरुको प्रतिनिधित्व हामीले गर्छौं । अथवा धेरै जनताहरुको प्रतिनिधित्व हामीले गरेर आएका छौं । जनताहरु जहिले पनि सेवाग्राही हुन सेवा प्रदायक होइनन् । त्यसैले गर्दाखेरी यो Listening Culture कमजोर भएको अवस्थामा यसलाइ Strong बनाउनका लागि यलाइ अलिकति मजबुद बनाउनका लागि अथवा सेवाग्राहीमुखी सेवाप्रदायक हुनको लागि मैले म आफ्नै तर्फबाट पनि र यहाँहरुको पनि सबैको ध्यानाकर्षण गराउन चाहान्छु । हाम्रो प्रदेश भनेको विवेक व्यहोरेको प्रदेश हो । म एकजना महिला महिलाको तर्फबाट प्रतिनिधित्व गर्ने सांसद । त्यस कारणले गर्दाखेरी यो क्षेत्रमा भएका महिलासँग सम्बन्धित विभेदहरु मात्रै होइन दलितहरुसँग सम्बन्धित विधेयकहरु छन् । अपाङ्गता भएका व्यक्तिहरुको सँग भएका विभेदहरु छन् र जातीय वर्गीय हिसाबले भएका विभेदहरुको अन्त्य गर्नका लागि २०७६ साल हामीले एउटा संकल्प प्रस्तावकै रुपमा ल्याएर यसता खालका विभेदहरुलाइ सदाका लागि अन्त्य गरेर सहअस्तित्वको संस्कृति निर्माण गर्दै यो प्रदेश सबैको साझा हो । यो प्रदेश सबैको लागि समान एउटा अस्तित्व बोकेको प्रदेश हो भनेर देखाउनका लागि सहअस्तित्वको संस्कृति मजबुद बनाउको लागि पनि यो प्रदेशले संकल्प गरोस २०७६ मा भन्न चाहान्छु । त्यस्तै गरिकन गत वर्ष नीति निर्माणका हिसाबले र सरकारले विकास योजना दिदाखेरी भएका कतिपय Practice हरु अत्यन्त उल्लेखनीय छन् हाम्रो प्रदेशमा । यो राम्रा खालका हामीले आफैलाइ संचालन गर्नको लागि र अन्य कुनै विकास योजनाहरुलाइ संचालन गर्नको लागि प्रदेशमा एउटा विधि बसाल्नको लागि हामीले कानून निर्माण गरेका छौं । कतिपय कुराहरु अघिल्लो वर्ष भएका कमजोरीहरुलाइ कानुन बाटै समाधान गर्ने किसिमको व्यवस्था हामीले गरिसकेका छौं । आगामी २०७६/७७ को बजेटमा त्यसका नीति कार्यक्रममा त्रुटीहरु दोहोरिदैनन् किनभने हामीले कानुन बनाएरै त्यसको अन्त्य गर्ने किसिमको कुराहरु गरिसक्याछौं । नौली शुरुवातको खोजी गरिसक्या छौं । भने कतिपय कुराहरु हामीले काम गरिसक्या छौं शुरु गरिसक्या छौं त्यसको समापन भएको छैन अथवा त्यसको समाप्ती हामीले पर्खिनु पर्छ । त्यसैले २०७५ सालमा हामी आफैले पनि यो प्रदेश सभाबाट धेरै कुराहरु कमजोरी रहे भनेर सरकारलाइ सुनाउनको लागी धेरै कामहरु हामीले अगाढी गर्या छौं । यो केवल Criticized गरेर हामीले शुरुवात गर्या थिएनौं । हामीले यो रोस्टममा बोलिरहदा खेरी सरकारको Criticized गरेका थिएनौं । सरकारलाइ Critical बन्नका लागि हामीले सुझाव दिएका थियौं । यो Criticized होइन आवश्यक ठाउमा Criticized गर्ने आवश्यक ठाउमा आत्मआलोचना गर्ने र अधिकांश रुपमा Critical बन्नको लागि हामीले सरकारलाइ अनुरोध गरेका थियौं । त्यै अनुरवध म पुनः दोहोर्याउन चाहान्छु । विपक्षीहरुले हामीले भन्या छौं हुन्न भन्ने आवाजै आउदैन यहाँबाट । हामीले एउटा जतिपनि कानून निर्माण गरेका छौं । जतिपनि विधेयकहरु पारित गर्या छौं हामीले सबैको सहभागितामा पास गर्या छौं । त्यसैले केही मदभेदहरु पार्टी नै फरक भएपछि प्रतिपक्ष भइसकेपछि केही आलोचनाहरु हुन्छ तर ति आलोचनाहरुलाइ जायज रुपमा सरकारले स्वीकार गर्ने नाजायज आलोचनाहरु मात्रै आलोचनाका लागि मात्रै आलोचना प्रतिपक्षले नगर्ने । एउटा खालको प्रढ गरेर यो सुदूरपश्चिम सबैको साझा हो । साझा प्रदेशलाइ हामीले समृद्ध प्रदेश बनाउने भनेर घोषणा गरेका छौं । सबैले त्यही संकल्प गरेर गएका छौं । ४ वर्षको समाप्ती पछि फर्केर जाँदाखेरी यो २०७६ यसको लागि एउटा प्रारम्भ विन्दु बनोस भन्ने कुराहरु

राख्न चाहान्छु र अन्त्यमा अघिल्लो वर्ष रहेका अधुरा कामहरुलाइ अघिल्लो वर्षका उठेका आवाजहरुलाइ यो वर्ष पुनः पुनरावृत्ती नहुने गरिकन पिडामा अभावमा भएका वर्गिय हिसाबले अत्यन्त कमजोर आर्थिक अवस्था भएका जनताहरुलाइ लक्ष्य बनाएर हामीले विशेष कामहरुको शुरुवात गर्न सकौं । सबैमा म फेरी यो प्रदेशबासी प्रदेशमा काम गर्ने विभिन्न क्षेत्र र सम्पूर्ण नेपालीमा शुभकामना व्यक्त गर्दै विदा हुन चाहान्छु धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को प्रतिबेदन सहितको विधेयकलाई पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरु,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को प्रतिबेदन सहितको विधेयकलाई पुनः छलफलको लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भनी प्रदेश सरकारको तर्फबाट प्रस्ताव दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**७. माननीय सदस्यहरू,**

अब म **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** प्रतिबेदन सहितको विधेयकलाई पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

**माननीय प्रकाश बहादुर शाह**

माननीय सभामुखज्यू, दफावार छलफलको लागि पुन समितिमा पठाउने सम्बन्धी प्रस्ताव यहाँ प्रस्तुत गर्ने अनुमति चाहान्छु । प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि दफावार छलफल भई विधायन तथा प्रदेश मामिला समितिबाट पेश हुन आएको प्रतिवेदन सहितको विधेयकलाई पुनः दफावार छलफल गर्न सम्बन्धित समितिमा पठाउन आवश्यक देखिएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड (ख) बमोजिम पुनः विधेयकलाई विधायन तथा प्रदेश मामिला समितिमा फिर्ता पठाइयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**८. माननीय सदस्यहरु,**

अब म आन्तरिक मामिला तथा कानून मन्त्रि माननीय प्रकाश बहादुर शाह द्वारा प्रस्तुत **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को प्रतिबेदन सहितको विधेयकलाई पुनः छलफलका लागि सम्बन्धित समितिमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

९. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को प्रतिबेदन सहितको विधेयकलाई पुनः छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**१०. माननीय सदस्यहरु,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को प्रतिबेदन सहितको विधेयकलाई पुनः विधायन तथा प्रदेश मामिला समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव माथिको कार्वाही यहि समाप्त हुन्छ ।

**११. माननीय सदस्यहरु,**

अब **प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिको** को प्रतिबेदन सहितको नियमावलीको मस्यौदालाई पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**१२. माननीय सदस्यहरु,**

**प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिको** प्रतिबेदन सहितको नियमावलीको मस्यौदालाई पुनः छलफलका लागि म्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**१३.माननीय सदस्यहरू,**

अब म **प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिको** प्रतिबेदन सहितको नियमावलीको मस्यौदालाई पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय अक्कल बहादुर रावललाई अनुमति दिन्छु ।

**माननीय अक्कल बहादुर रावल**

माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिबाट आएको प्रतिवेदनलाई पुनः समितिमै पठाइयोस भन्ने संशोधन प्रस्ताव दर्ता भएको छ जस्को व्यहोरा म सुनाउन चाहान्छु ।

माननीय सभामुखज्यू,

विषय : दफावार छलफलका लागि पुनः समितिमा पठाउने सम्बन्धी प्रस्ताव ।

प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदन सहितको विधेयकलाई पुनः छलफल गर्न सम्बन्धित समितिमा पठाउन आवश्यक देखिएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को देहाय खण्ड (ख) बमोजिम पुनः प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिमा फिर्ता गरियोस् भन्ने प्रस्ताव पेश गर्न चाहान्छु ।

धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

**१४. माननीय सदस्यहरु,**

अब म माननीय अक्कल बहादुर रावल द्वारा प्रस्तुत प्रस्तावलाई समर्थन गर्न माननीय पूर्णा जोशी लाई समय दिन्छु ।

**माननीय पुर्णा जोशी**

माननीय सभामुखज्यू, प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिबाट पेश हुन आएको प्रतिवेदन सहितको विधेयकलाई पुनः छलफल गर्न सम्बन्धित समितिमा पठाउन आवश्यक देखिएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ को देहाय दण्ड (ख) बमोजिम पुनः प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदा समितिमा फिर्ता पठाइयोस भन्ने माननीय अक्कल बहादुर रावलज्यूले राखु भएको प्रस्तावको समर्थन गर्दछु ।

*(समर्थन गरेपछि)*

**१५. माननीय सदस्यहरु,**

अब म माननीय अक्कल बहादुर रावल द्वारा प्रस्तुत **प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समितिको** प्रतिबेदन सहितको नियमावलीको मस्यौदालाई पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

**१६.** "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समिति**को प्रतिबेदन सहितको नियमावलीको मस्यौदा माथि छलफलको लागि पुनः सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**१७. माननीय सदस्यहरु,**

**प्रदेश सभा नियमावली, २०७४ को संशोधन मस्यौदा समिति**को प्रतिबेदन सहितको नियमावलीको मस्यौदा माथि पुनः छलफलका लागि सम्बन्धित समितिमा फिर्ता पठाईयोस भन्ने प्रस्ताव माथिको कार्वाही यहि समाप्त हुन्छ ।

**१८. माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल बैशाख ५ गते विहिबार दिनको ०३:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।